नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४८७

मितिः२०८३/०२/२८

ने.सं. ११४६

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,

श्री नगरपालिका सबै,

श्री गाउँपालिका सबै ।

विषयः विश्व योग दिवस २०२६ मनाउने सम्वन्धमा ।

शिक्षा तथा खेलकुद मन्त्रालय प्रारम्भिक बालशिक्षा तथा विद्यालय पोषण शाखाको प.सं.२०८२/८३, च.नं. ०५, मिति २०८३/०२/२६ को पत्रमार्फत हरेक वर्ष जुन २१ तारिखका दिन मनाईने विश्व योगदिवस सन्दर्भमा १२औं विश्वयोग दिवस २०२६ मनाउने सम्वन्धी पत्र र मुल समारोह तयारी समितिको वैठकको निर्णय प्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थ

श्री शिक्षा तथा खेलकुद मन्त्रालय सिँहदरवार काठमाडौं।

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
# शिक्षा तथा खेलकुद मन्त्रालय
प्रारम्भिक बालशिक्षा तथा विद्यालय पोषण शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-२०८२/०८३
चलानी नं.:- ०५

मिति : २०८३।०२।२६
नेपाल सम्बत् ११४६

विषय : विश्व योग दिवस २०२६ मनाउने सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

हरेक वर्ष जुन २१ तारिखका दिन विश्व योग दिवस मनाइँदै आइरहेको बेहोरा विदितै छ। यस वर्षको १२औं विश्व योग दिवस २०२६ मनाउने सन्दर्भमा शिक्षा सचिवज्यूको अध्यक्षतामा बसेको विश्व योग दिवस २०२६, मूल समारोह तयारी समितिको बैठकबाट विश्व योग दिवस २०२६ का लागि निर्धारित आदर्श वाक्य **"Yoga for Healthy Ageing (स्वस्थ वृद्धावस्थाका लागि योग)"** भन्ने आदर्श वाक्यका साथ विश्व योग दिवस २०२६ मनाउन " **जिल्ला तहमा** जिल्ला समन्वय समितिका सभापतिको संयोजकत्व र जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइ, जिल्ला आयुर्वेद कार्यालयसमेतको सहभागितामा जिल्लास्तरीय समिति गठन गरी विभिन्न कार्यक्रमसहित विश्व योग दिवस २०२६ मनाउन सबै जिल्ला समन्वय समितिमा अनुरोध गर्ने एवम् **स्थानीय तहमा** विश्व योग दिवस २०२६ मनाउने सम्बन्धमा सबै स्थानीय तहहरूलाई तहाँ मन्त्रालयमार्फत अनुरोध गर्ने" निर्णय भएबमोजिम सबै जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरूमा आवश्यक समन्वय र पत्राचार गरिदिनु हुन विश्व योग दिवस २०२६ मूल समारोह तयारी समितिको मिति २०८३।०२।२१ को निर्णयानुसार अनुरोध छ।

........................
शिवप्रसाद घिमिरे
उपसचिव

फोन नं.:
वेबसाइट : www.moest.gov.np

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

बाह्रौं विश्व योग दिवस २०२६ जुन २१ (२०८३ असार ७)

## मूल समारोह तयारी समितिको बैठक

मितिः २०८३ जेठ २१ गते बिहीवार

**बैठकका एजेण्डा**

१) विश्व योग दिवस २०२६ को आदर्श सम्वन्धमा

२) विभिन्न निकाय एवम संस्थासँग समन्वय गर्ने सम्वन्धमा

३) सप्ताहव्यापी रूपमा विभिन्न सघसंस्थाले मनाउने कार्यक्रमको सहजीकरण सम्वन्धमा

४) अन्य विविध

**निर्णयहरु :**

1. विश्व योग दिवस, २०२६ का लागि निर्धारित आदर्श वाक्य " **Yoga for Healthy Ageing**" लाई नेपालको सन्दर्भमा "**स्वस्थ वृद्धावस्थाका लागि योग**" प्रयोग गर्ने ।
2. विश्व योग दिवस २०२६ का अवसरमा चलचित्र प्रदर्शनी, पुस्तक विमोचन, रक्तदान,सार्वजिक परिसम्वाद, प्रभातफेरी, दिप प्रज्जवलन, र्‍याली, झाँकी, सामूहिक योग अभ्यास, योग प्रदर्शन, वक्तृत्वकला, वादविवाद प्रतियोगिता, चित्रकला जस्ता विविध प्रकारका रचनात्मक, प्रवर्द्धनात्मक र प्रचारात्मक कार्यक्रम सहित मनाउन योग सम्बन्ध विभिन्न संघ संस्थाहरुलाई अनुरोध गर्ने र यसरी मनाउने कार्यक्रमको जानकारी २०८३ असार १ गते कार्यालय समयभित्र मन्त्रालयमा उपलब्ध गराउन र कार्यक्रम सम्पन्न भएपश्चात सहभागी संख्या, मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सहितको प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउन अनुरोध गर्ने ।
3. प्रदेश तहमा विश्व योग दिवस, २०२६ मनाउने सम्बन्धमा प्रदेशमा शिक्षा हेर्ने मन्त्रालयको संयोजनमा शिक्षा, स्वास्थ्य, पर्यटन सम्बद्ध मन्त्रालयका प्रतिनिधि समेतको सहभागितामा योग दिवस मनाउन सबै प्रदेश सरकारहरूलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मार्फत अनुरोध गर्ने ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

सचिव